दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ७१ | बुटवल | २०८१ फागुन २२, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Mar. 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बुटवलमा साइनबोर्ड कर खारेज गर्न चार व्यवसायिक संस्थाको माग, नभए नतिर्ने घोषणा

साइनबोर्ड कर खारेज नगरी जबर्जस्ती असुल्ने काम भइरहे चार वटै संस्थामा आबद्ध उद्योगी व्यवसायी व्यवसाय बन्द गरेर उप-महानगरविरुद्ध संयुक्त आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएका छन् ।




**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलका चार व्यवसायिक संस्थाले पसल, उद्योग वा व्यवसाय चिनाउन साइनबोर्ड राखेबापत बुटवल उप-महानगरले लिंदै आएको कर खारेज गर्न माग गरेका छन् ।

बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही व्यापार संघ, रुपन्देही उद्योग संघ र उद्योग व्यापार संघ बुटवलले बुधबार संयुक्त पत्रकार सम्मेलन गरी साइनबोर्ड कर खारेजीको माग गर्दै नगरे कर नतिर्ने घोषणा गरेका छन् । चार व्यवसायिक संस्थाहरुले ६० स्क्वायर फुटसम्मको साइनबोर्डको कर नतिर्न बुटवलका उद्योगी व्यवसायीलाई अपील गर्दै त्यसभन्दा बढी साइजको बोर्ड राखेको खण्डमा भने तिर्न तयार रहेको बताएका छन् ।

कोरोना महामारीको असरले ओरालो लागेको व्यवसाय आर्थिक मन्दीले झनै थला परेको अवस्थामा दोहोरो, तेहोरो कर, चर्को घर भाडा र बहाल करले व्यवसायी पलायन हुने अवस्थामा साइनबोर्ड राखेको समेत कर असुल्नु अव्यवहारिक भएको भन्दै व्यवसायीहरुले कर नलिन माग गर्दै गत असार २ गते नै बुटवल उप-महानगरपालिकालाई ज्ञापनपत्र बुझाएका थिए ।

नगर प्रमुख र उप-प्रमुखसँग पटक-पटक भएका वार्तामा समस्या समाधानको आश्वासन दिइएको तर कर उठाउने ठेक्का पाएको कम्पनीबाट व्यवसायीमाथि जोरजबर्जस्ती र ज्यादती भएपछि यही फागुन १३ गते पुनः ज्ञापनपत्र बुझाएका थिए । उप-नगरपालिकाले ठेक्कामार्फत् गणेश एण्ड सन्स कन्ट्रक्सन बुटवललाई साइनबोर्डको कर उठाउन दिएको छ ।

'दशमहिना पहिले नै साइनबोर्ड करमा असहमति जनाउँदै नलिन ज्ञापनपत्र बुझाएका थियौं, त्यसयता मेयर र उपमेयरसँग बीस पटकभन्दा बढी वार्ता र छलफल हुँदा आश्वासन मात्र दिइयो तर ठेकेदारबाट झन् जोरजबर्जस्ती र ज्यादतीका घटना भएपछि बाध्य भएर कर खारेज नगरेसम्म चार वटै संस्थामा आबद्ध व्यवसायीले कर नतिर्ने निर्णय गरेका हौं ।'-बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले भने ।

ठेकेदार कम्पनी व्यवसायीक प्रतिष्ठानहरुमा पुगेर जोरजबर्जस्ती र अभद्र व्यवहार गर्नुका साथै तोडफोड समेत गरी ज्यादतिपूर्ण व्यवहार गरेकाले तोडफोडको उचित क्षतिपूर्ति दिनुपर्ने आफूहरुको माग रहेको रुपन्देही व्यापार संघका अध्यक्ष दीपक अधिकारीले बताए । ठेकेदारबाट भएका ज्यादतीपूर्ण गतिविधिको बुटवल उप-महानगरपालिका नैतिकरुपमा जिम्मेवारी लिनुपर्ने उनको माग छ । अध्यक्ष अधिकारीले साइनबोर्ड कर खारेज नगरी जबर्जस्ती असुल्ने काम भइरहे चार वटै संस्थामा आबद्ध उद्योगी व्यवसायी व्यवसाय बन्द गरेर उप-महानगरविरुद्ध संयुक्त आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिए ।

रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले चार व्यवसायिक संस्थाले सार्वजनिक स्थानमा राखिने साइनबोर्डको कर उठाउन आफूहरुले सहमति जनाएको भए पनि बुटवल उप-महानगरपालिकाले भ्रम सिर्जना गहुने गरी गलत प्रचार गरेको बताए ।

'साइनबोर्ड करका विषयमा उप-महानगरपालिकाको राजस्व परामर्श समितिको बैठकमा छलफल हुँदा पहिलेबाट लागू हुँदै आएको प्रक्रियाअनुसार नै कर असुल गर्ने जानकारी गराइएको थियो, तर निर्णय लेख्दा उप-महानगरपालिकाको आर्थिक ऐनमा भएको व्यवस्थाअनुसार नलेखिएका कारण पहिलो पटकको ठेक्का २०७८/७९ बमोजिम हुनेगरी सुझाव दिएका थियौं, तर उप-महानगरले ठेकेदार कम्पनीलाई गलत सूचना दिएर व्यवसायीमा भ्रम सिर्जना गराएको छ, यो खेदजनक छ ।'-सापकोटाले भने ।

व्यवसायीहरुका जायज मागप्रति बुटवल उप-महानगरपालिकाले तत्कालै समाधान खोज्नुपर्ने अन्यथा थप आन्दोलनको सामना गर्नुपर्ने उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णुप्रसाद पाण्डेले बताए ।

रुपन्देही उद्योग संघका पूर्व अध्यक्ष महेन्द्रनारायण श्रेष्ठले तीन तहका सरकारले व्यवसायीबाट दोहोरो-तेहेरो कर लिने, तर करको सदुपयोग र व्यवसायीलाई कहिल्यै राहत नदिने गुनासो गरे ।

उप-महानगरपालिकाकी सूचना अधिकारी तुल्सा अर्यालले नगरसभाबाट पारित गरेर नै कर उठाउन थालिएको भन्दै यसलाई परिमार्जन गर्न फेरि नगरसभाले अर्को निर्णय गर्नुपर्ने बताइन् ।

## पाल्हीनन्दनका अध्यक्ष लागुऔषध कारोबारमा दोषी ठहर



परासी । नवलपरासीको पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजुप्रसाद गुप्ता (दीपक) लागुऔषध कारोबारमा दोषी ठहर भएका छन् । जिल्ला अदालत नवलपरासीका न्यायाधीश केशवप्रसाद अधिकारीको इजलासले अध्यक्ष गुप्ता र गाउँपालिकाका नगर प्रहरी रघुनाथप्रसाद धोबीलाई कसुरदार ठहराएको हो ।

कसैबाट लागुऔषध बरामद नभए पनि अध्यक्ष गुप्ता अप्रत्यक्ष संलग्न रहेको भन्दै दोषी ठहर गरिएको हो ।

धोबी २०७९ असोज २६ गतेदेखि पुर्पक्षका लागि थुनामा छन् । अदालतले अन्य दुई अभियुक्त रामा गुप्ता (रामा साह) र जितेन्द्र पासवानलाई भने सफाइ दिइएको छ । जितेन्द्र र रामा भारत बिहारका बासिन्दा हुन् ।

अध्यक्ष गुप्तासहित धोबीलाई सजाय निर्धारणको लागि फागुन २९ गते पेशी तोकिएको छ । लागुऔषध अभियोगमा २ देखि १० वर्षसम्म कैद र १ लाखदेखि २० लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था रहेको छ । तर, अध्यक्ष गुप्ताले लागुऔषध मुद्दाको कसुरबापत आधा सजाय पाउने भएका छन् । पाल्हीनन्दन गाउँपालिका-३ का मन्टु भनिने विवेकप्रसाद पाण्डे अझैं फरार छन् ।

२०७९ असार २२ गते रामग्राम नगरपालिका-१७ पिपरिहयामा अध्यक्ष गुप्ताको निर्देशनमा आफैँसँग कबाड सामानको कारोबार गर्ने रामा र जीतेन्द्रलाई फसाउन खोजिएको आरोप लागेको थियो । गुप्ताको निर्देशनमा नगर प्रहरी रघुनाथप्रसाद धोबी र विवेकप्रसाद पाण्डेले रामा र जीतेन्द्र चढेको मोटरसाइकल नजिक लागुऔषध राखेर फसाउन खोजेको रामा र जितेन्द्रको परिवारले भन्दै आएका थिए । कवाडको कारोबारमा तिर्नुपर्ने करिब एक करोड ३५ लाख रुपैयाँ बराबरको लेनदेन विवादकै कारण गुप्ताले उनीहरूलाई फसाउन खोजेको रामा र जितेन्द्रको दाबी छ ।

उक्त घटनामा तत्कालीन एसपी ऋषिराम कँडेलले राजनीतिक प्रभावमा गुप्तालाई संरक्षण गरेको आशंकामा उनको सरुवा भएको थियो ।

गाउँपालिका अध्यक्ष गुप्ताले आर्थिक चलखेल र राजनीतिक शक्तिको आडमा रामा र जीतेन्द्रलाई तिर्नुपर्ने ठूलो रकम तिर्नबाट उम्किन लागुऔषध मुद्दामा फसाउन खोजेको भन्दै पश्चिम नवलपरासीका नेपाली कांग्रेस, जनता समाजवादी पार्टीलगायतका दलहरुले आन्दोलन नै गरेका थिए । अध्यक्ष गुप्ता माओवादी केन्द्रबाट दोस्रोपटक गाउँपालिका अध्यक्षमा निर्वाचित भएका हुन् ।

## पाँच वटा अध्यादेश स्वीकृत

बुटवल । प्रतिनिधिसभाले विभिन्न पाँच वटा अध्यादेश स्वीकृत गरेको छ । तर, सँगै सदनमा प्रस्तुत भएको भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश 'होल्ड' मा राखिएको छ ।

यो अध्यादेश गत २ माघमा जारी भएको थियो । यो अध्यादेश 'होल्ड' गरेर प्रतिनिधि सभाले बाँकी अध्यादेश अगाडि बढाएको हो ।

गत १४ पुसमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी भएको थियो । यसलाई प्रतिनिधिसभाले बुधबार बहुमतले स्वीकृत गरेको हो ।

२९ पुसमा थप चारवटा अध्यादेश जारी भएका थिए । सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश जारी भएको थियो ।

निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको थियो ।

यी अध्यादेश पनि बुधबार प्रतिनिधिसभाबाट स्वीकृत भएको छ ।

अब राष्ट्रियसभाबाट समेत स्वीकृत भएपछि सरकारलाई प्रतिस्थापन विधेयक ल्याउने बाटो खुल्छ ।

## नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्छौं : अर्थमन्त्री

बुटवल । उप-प्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकलाई २ वर्षभन्दा अगाडि नै 'ग्रे लिस्ट' बाट बाहिर निकालिने दाबी गरेका छन् । बुधबारका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेशबारे उठेका प्रश्नको जवाफ दिने क्रममा उनले यस्तो दाबी गरेका हुन् ।

'अहिले हामी सघन निगरानीमा छौं । जसलाई हामी ग्रे लिस्ट भन्ने गर्छौं । सरकारको कमिटमेन्ट छ, सरकारले निर्धारित समयमा निर्धारित काम सम्पन्न गरेर ग्रे लिस्टबाट निकाल्छौं ।'- उनले भने ।

मुलुक 'ग्रे लिस्ट'मा पुग्नुमा अहिलेको सरकारको नभइ अरु कसैको भूमिका रहेको भन्दै त्यसबारे सदनमा आफूले जानकारी दिने पनि उनले जिकिर गरे ।

'ग्रे लिस्टमा मुलुकलाई लग्नका निम्ति यो सरकारले होइन अरु कसैले, जसका बारेमा सदनसमक्षम म ह्वाइट पेपर लिएर उपस्थित हुनेछु,' अर्थमन्त्री पौडेलले भने-'हो ग्रेलिस्टबाट मुलुकलाई कमब्याक गर्नका लागि सरकारले गम्भीर पहलकदमी लिएर आउँछौं ।'

'ग्रे लिस्ट'बाट मुलुकलाई बाहिर निकाल्न दुई वर्षको समय पाइएको भए पनि त्यसअघि नै काम सक्ने उनले बताए । 'हामीलाई २ वर्षको समय उपलब्ध छ । त्योभन्दा अगाडि नै मुलुकलाई ग्रे लिस्टबाट बाहिर निकाल्छौं ।'- उनले भने ।

## नागरिक योगदानमा आधारित बिमा प्रणाली आवश्यक : स्वास्थ्यमन्त्री



बुटवल । स्वास्थ्यमन्त्री प्रदिप पौडेलले नागरिक योगदानमा आधारित बिमा प्रणाली स्थापना गर्नुपर्ने आवश्यकता रहेको औंल्याएका छन् । बुटवलमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री पौडेलले राज्यले सम्पूर्ण रुपमा दायित्व निर्वाह गर्न नसक्ने अवस्थामा नागरिक योगदानमा आधारित बिमा प्रणाली स्थापना गर्नुपर्ने उल्लेख गरे । उनले यो प्रणालीको लागि बिमाको कोष सुरक्षित गर्ने र नियमित आम्दानी हुने गरी बिमालाई अगाडि बढाउन नागरिक योगदानमा आधारित बिमा प्रणाली स्थापना गर्नुपर्ने बताए ।

उनले भने-'राज्यले सम्पूर्ण रुपमा दायित्व निर्वाह गर्न सक्दैन, अनि बिमा कोषमा नियमित र सुरक्षित बनाउन नसकेमा बिमा प्रभावकारी हुन सक्दैन् ।'

अहिलेको पहिलो प्राथमिकता स्वास्थ्यलाई पहिलो मान्नुपर्ने पहिलो एजेण्डा रहेको उल्लेख गर्दै स्वास्थ्यमन्त्री पौडेलले नागरिकले उपचार गर्दा गोजीबाट रकम निकाल्नुको साटो स्वास्थ्य बिमा कार्ड निकालेर उपचार गर्न सक्ने अवस्था सिर्जना बनाउनेतर्फ मन्त्रालयको ध्येय रहेको बताए ।

उनले यो प्रणालीको बारेमा प्रकाश पार्दै तलब खाने नागरिकले बिमामा जोडिन चाहेमा १ दशमलब ५ प्रतिशत लगानी गर्नेपर्ने तथा कर तिर्नेहरुले तिरिरहेको करबाट शून्य दशमलब ५ प्रतिशत बिमाकोषमा जाने व्यवस्था गर्नुपर्ने विकल्प देखाए ।

उनले यी दुबै गर्न नसक्ने नागरिकको हकमा सरकारले नै बिमा प्रिमियम तिरिदिएर बिमामा जोड्ने त्यस्तो खालको प्रणाली विकास गर्नुपर्ने उल्लेख गरे । उनले राज्यले जुन जुन क्षेत्रमा लगानी गर्छ, त्यसको शून्य दशमलब ५ प्रतिशत बिमा कोषमा जाने व्यवस्था गनुपर्ने माग गरे ।

स्वास्थ्यमन्त्री प्रदिप पौडेलले स्वास्थ्य पूर्णरुपमा सरकारको दायित्व रहेको बताउँदै यसको लागि सरकारले आवश्यक लगानी बढाउनुपर्ने बताएका छन् । उनले नागरिक स्वस्थ भएमा देश सवल तथा समृद्ध बन्ने तर्क गर्दै सरकारले सबैभन्दा धेरै लगानी सरकारले गर्नुपर्ने उल्लेख गरे । उनले भने-'स्वास्थ्य, शिक्षा, सार्वजनिक यातायात र शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी सरकारको हुन्छ । '

उनले स्वास्थ्य क्षेत्रमा ४ प्रतिशतको हाराहारिमा लगानी गरेर स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको मान्न नसकिने तर्क गर्दै यो क्षेत्रमा लगानी बढाउनुपर्ने उल्लेख गरे । उनले निजामति कर्मचारी, सेना प्रहरीको संख्या बढाउँदा चिकित्सकको दरबन्दी बढ्न नसकेको बताउँदै यस्तो अवस्था देख्दा सरकरको प्राथमिकतामा परेको नदेखिएको बताए । उनले सक्नेलाई भन्दा पनि नसक्नेलाई स्वास्थ्य सेवा प्रदान गर्ने कुरामा पूर्णता हासिल गर्न नसकेको स्वीकारे ।



# सम्पादकीय

## अराजकताको पराकाष्ठा

स्थानीय तहका जनप्रतिनिधिहरु अराजक बन्दै गएको भन्दै आलोचना भइरहेका बेला काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साहको व्यवहारले आलोचनालाई झनै बल पुऱ्याएको छ। महानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत सरोज गुरागाईंलाई कार्यालयमा हाजिर गर्न नदिने, तर संघीय सरकारले कार्यकारी अधिकृत पठाएन् भनेर सामाजिक सञ्जालमा आक्रोश पोख्ने साहको रवैया गैरजिम्मेवार छ।

काठमाडौं टावरको स्वीकृति र नक्सापासको सम्बन्धमा पहिलेदेखि नै विवाद छ। यो विषयमा प्रमुख बालेन्द्र साह पनि संलग्न छन्। आफूलाई विवादमा बाहिर निकालेर कर्मचारीलाई दोषी देखाउने प्रवृत्ति पनि उनको गलत नै छ। अब रह्यो, कार्यकारी अधिकृतको विषय। प्रमुख कार्यकारी अधिकृत नहुँदा कर्मचारी र शिक्षकको मंसिरदेखिको तलब रोकिएको छ। महानगरपालिकाको नियमित कामकाज प्रभावित भएको छ। प्रमुख कार्यकारी अधिकृत गुरागाईंले नियम विपरीत काठमाडौं टावरको नक्सा स्वीकृत गरेको भन्दै साहले पहिले उनलाई सात दिन बिदा बस्न भने। बिदा सकिएपछि उनको कार्यकक्षमा ताला लगाइदिए। नक्सा स्वीकृत गर्ने उनको निर्णयबारे छानबिन गर्न समिति गठन गरे। समितिले गुरागाईंको निर्णय गलत नभएको भन्दै प्रतिवेदन तयार गरेपछि प्रमुख साहले प्रतिवेदन नै बुझेनन्। कार्यकक्षमा ताला लगाएर कार्यकारी अधिकृतलाई कार्यालय आउन नदिने तर प्रधानमन्त्रीप्रति आक्रोश व्यक्त गर्ने साहको रवैया अराजक र अमर्यादित छ। कुनै कमजोरी बिना कर्मचारीको हुर्मत लिने उनको कार्यशैलीले स्थानीय तहका जनप्रतिनिधिहरु अराजक बन्दैछन् भन्ने भनाइलाई पुष्टि गरेको छ।

ताला लगाएर कार्यकारी अधिकृतलाई कार्यालय आउन नदिने, तर संघीय सरकार र प्रधानमन्त्रीप्रति आक्रोश व्यक्त गरेर सामाजिक सञ्जालमा लेखेर उनले गैरजिम्मेवारी त देखाएका छन् नै, यसले कर्मचारीको मनोबल पनि गिरेको छ। कर्मचारी प्रशासन स्थायी सरकार हो। कर्मचारीको मनोबल गिराएर सरकारले अपेक्षित उपलब्धि पाउन सक्दैन्। कर्मचारीले कमजोरी गर्दा कमजोरीको प्रकृतिअनुसार कारबाही गर्ने र राम्रो गर्दा पुरस्कार दिने व्यवस्थाले उनीहरुको मनोबल बढ्ने हो। कमजोरी विना कारबाही गर्ने, प्रतिशोध साँध्ने र संघीय सरकारलाई धम्क्याउने प्रमुख साहको व्यवहार सुधार नहुने हो भने काठमाडौं महानगरपालिकाको कर्मचारी प्रशासन झनै भताभुङ्ग र अस्तव्यस्त हुँदै जानेछ।

संघीय सरकारसँग प्रदेश र स्थानीय तहले समन्वय र सहकार्य गर्न अनिवार्य छ। संघीय शासन प्रणालीको मुल मर्म भनेकै सहकार्य र समन्वय हो। साहले कुनै समस्या भए प्रधानमन्त्रीलाई भेटेर गुनासो राख्न सक्छन्। अन्य मन्त्रालयहरुमा उनले गुनासो राख्न सक्छन्। सामाजिक सञ्जालमा भ्रम छर्ने गरी पोष्ट गर्नु गलत छ।

प्रमुख कार्यकारी अधिकृत गुरागाईंलाई कार्यालयमा जाने वातावरण बनाउने काम प्रमुख साहकै हो। कमजोरी नगर्ने कर्मचारीलाई भइरहेको दुर्व्यवहार सच्चाएर अघि बढ्दा मात्रै विवाद समाधानको मार्ग सुनिश्चित हुन्छ।

# राजतन्त्रको पक्ष र विपक्षमा बहस



**श्यामप्रसाद मैनाली**

पूर्वराजा ज्ञानेन्द्रले आफूलाई सहयोग गर्न नेपाली नागरिकहरूलाई आह्वान गरेका छन्। उनले नेपालको अवस्था अत्यन्त दयनीय हुँदै गएको उल्लेख गरेका छन्। यो अवस्थाबाट देशलाई मुक्ति दिलाउन राजतन्त्र आवश्यक भएको सन्देश उनीबाट प्रभावित भएको छ। यो सन्देश प्रजातन्त्र दिवसको दिन ७ फागुनमा दिएका हुन्। सन्देश प्रवाह भएपश्चात् राजनीतिक वृत्तमा ठूलै हलचल मच्चिएको छ। सार्वभौम संसदमा यस विषयले ठूलो महत्व पाइराखेको छ। राजनीतिक परिवर्तन हुने चर्चाले राजनीतिक बजार तातिराखेको छ। यसका पक्ष र विपक्षमा थुप्रै विचार अभिव्यक्त भएका छन्। देशमा राजतन्त्रको पुनर्बहाली भई गणतन्त्र समाप्त हुने हो वा होइन ? विश्लेषण भइराखेको छ।

के देशमा साँच्चै राजतन्त्र स्थापित हुन लागेको हो त ? धेरै लामो संघर्ष र बलिदानीबाट प्राप्त लोकतान्त्रिक गणतन्त्र अभाव सिद्ध नै भएको हो त ? राजतन्त्र पुनर्बहाली हुने आधारहरू के-के हुन सक्छन् ? राजा फर्किने अवस्था आउँदा के कस्ता कार्यक्रम र एजेन्डासहित आउने हुन् ? वा पुरानै शैलीमा राजाको शासन देशमा सञ्चालन गर्ने हुन् ? राजतन्त्रलाई समर्थन गर्ने नागरिकहरूको यथार्थ संख्या कस्तो हुन सक्छ ? अन्तर्राष्ट्रिय समर्थन र सहयोग राजतन्त्रको पक्षमा हुन सक्छ सक्दैन ? यदि अन्तर्राष्ट्रिय सहयोग नेपालमा राजतन्त्र पुनर्बहाली गराउने पक्षमा देखियो भने गणतन्त्रवादीहरू यसका विरुद्धमा कुन हदसम्म संघर्षरत देखिने हुन् ? राजतन्त्रवादीहरू र गणतन्त्रवादीहरूबिचको द्वन्द्वले कुन तहको अवस्था पार गर्नुपर्ने हो ? यथार्थमा राजतन्त्रको पुनर्बहाली भएपश्चात् देशको अवस्था कस्तो हुने हो ? यो आफैंमा प्रतिगामी कदम हो वा यसले देशको आर्थिक तरक्की र राजनीतिक स्थिरता प्रदान गर्दै जनताको सदभाव र समर्थन प्राप्त गर्न सक्ने हो ? जस्ता महत्वपूर्ण प्रश्नहरू अहिले राजनीतिक बजारमा पटकपटक उठ्ने गरेका छन्।

विभिन्न तप्काका, समूहका, दलका नेताहरूदेखि नागरिक समाजका अगुवाहरूसमेतले यसै विषयलाई लिएर आफ्ना भनाइ केन्द्रित गरिराखेका छन्। यही विषयमा केन्द्रित रहेर यो आलेख तयार पार्ने इमानदार प्रयास गरिएको छ। अबको छलफल र विश्लेषण यिनै विषयहरूमा केन्द्रित गरौं।

देशमा धेरै लामो समयपश्चात् प्राप्त गरेको लोकतन्त्र खोसिएको थियो। पुनः जनताकै बलिदानीबाट लोकतन्त्र प्राप्ति भयो। लोकतन्त्र प्राप्ति भएपश्चात् पनि देशको अवस्थामा खासै सुधार हुन सकेन। देश गणतन्त्रमा परिणत भयो। यी सबै अवस्थामा जनताको पक्षबाट ठूलै बलिदानी भएको छ। थुप्रै थुप्रै नेपाली शहीदको रगतबाट आजको अवस्थामा नेपालीहरू आइपुगेका हुन्। संघीय लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षताजस्ता विषयमा लिएको निर्णय निश्चय नै ठूलै अग्रगामी कदमका रूपमा व्याख्या गरिएको छ। ती व्याख्याहरू आफ्ना ठाउँमा ठीकै होलान्। व्यवस्था आफैंमा बेठीक नहुन सक्छ। किनकि गणतन्त्र भएका देशहरूमा पनि ठूलो विकास भएको छ। राजतन्त्र भएका देशहरूले पनि ठूलै फड्को मारेका छन्।

त्यसैले राजनीतिक सिद्धान्त र प्रणालीभन्दा पनि शासकीय शैली र शासन गर्नेहरू नै सत्पात्र हुनुपर्दोरहेछ। यो विश्वका धेरै लोकतान्त्रिक देशबाट सिकिएको पाठ हो। त्यसैले नेपालमा गणतन्त्र समाप्त हुने विषय सोचेजस्तो सहज भने छैन। तर, यो लोकतान्त्रिक शासन प्रणालीका पात्रहरूले अत्यन्त ज्यादा विकृति र विसंगतिहरू आमन्त्रण गर्दै गए। यसलाई निरन्तरता दिइराखेका छन्। सुशासन सिद्धान्तमा मात्र सीमित छ। कुशासनतर्फ शासकीय शैली अभिमुख भइरहेको स्पष्ट अनुभूति सबै तह तप्काका समूहले गरिराखेको स्थिति छ। देशका सचेत नागरिकहरू नेपालका शासकहरूबाट हुँदै आएको यसप्रकारको विकृतिपूर्ण अवस्थाले देशको भविष्य कतातिर अभिमुख हुने हो ? कुनै निश्चित छैन। त्यसैले पटकपटक परीक्षण भइसकेका २०४६ सालपश्चात् आजसम्म शासनमा रहेका ठूला दलहरूले नेपाली नागरिकहरूलाई लोकतन्त्रको असली अनुभूति र लाभ दिन सकेका छैनन्।

यही एउटा मुख्य कारण हो देशले वैकल्पिक नेतृत्व खोजिराखेको छ। व्यवस्था नै परिवर्तन हुनुपर्ने हो वा शासकीय शैलीमा परिवर्तन गरेर अघि बढ्न सकिने हो ? यसमा गहिरो विश्लेषण र अध्ययन गर्नुपर्ने स्थिति छ। देशका सचेत वर्गहरूसहित राजनीतिक कित्तामा विभक्त हुँदै आएका छन्। यसले गर्दा असली नागरिक समाज र सचेत वर्गको अभाव राष्ट्रले गरिरहेको छ। यस अवस्थामा वर्तमान समयका शासकहरूले आफ्नो व्यक्तिगत स्वार्थमा शासन सत्ताको दुरुपयोग गर्ने अवसर प्राप्त गरिराखेका छन्। यो धेरै लामो समयदेखिको अभ्यास हो। जनता यस परिस्थितिबाट दिक्क बनेका छन्। आफैंले आफ्ना सन्ततिहरूलाई बलिवेदीमा चढाएर ल्याएको यो लोकतन्त्र हो। यसका अगुवाहरूलाई ज्यान दिएर नेपाली जनताले सहयोग गरेका हुन्। यस अवस्थामा नेपाली नागरिकहरूलाई वर्तमान राजनीतिक प्रणालीमा नै परिवर्तन हुने गरी निर्णय लिन अत्यन्त असहज छ।

तर, लोकतान्त्रिक शासन प्रणालीमा शासनमा रहने अवसर पाएकाहरूमा कुनै सुधारको संकेत देखिएको छैन। नयाँ देखिएका राजनीतिक शक्तिहरू पनि अल्पअवधिमा नै दुर्गन्धित बन्दै गएका छन्। जनताले विश्वास गर्न सक्ने अवस्थामा शंका भइराखेको छ। यस स्थितिमा पूर्वराजाले देशको अवस्था अत्यन्त बिग्रिएकाले राष्ट्र र राष्ट्रियताको मूल्यमा आफूलाई सहयोग गर्न आह्वान गर्नुभएको छ। राजतन्त्रको पुनर्बहाली हो वा पूर्वराजा ज्ञानेन्द्रलाई पुनः सिंहासनमा बिराजमान गराउने हो। यसमा पनि जनताको चासो स्वभावतः रहन्छ। पूर्वराजा ज्ञानेन्द्रले आफूलाई सहयोग गर्न आह्वान गर्नुभएकाले यस देशमा राजतन्त्रको पुनर्बहाली भएमा ज्ञानेन्द्र नै पुनः राजगद्दीमा बस्ने गरी अहिले केही नेपालीहरूले यो नारा सडकदेखि सदनसम्म गुञ्जायमान गराएका छन्।

यस स्थितिमा गणतन्त्रलाई राजतन्त्रले विस्थापित गरेमा पूर्वराजा ज्ञानेन्द्र नै राजा हुने हुन्। यसमा सन्देह रहेन। तर, दुईपटक राजसिंहासनमा बस्ने अवसर ज्ञानेन्द्रले पाएका हुन्। दोस्रोपटक राजा बन्दै आफैं मन्त्रिपरिषद्को अध्यक्षसमेत हुँदाको अवस्थाको मूल्यांकन नेपाली जनताले गर्ने नै छन्। त्यसैले राजतन्त्रमा देश जान्छ जाँदैन भन्नुभन्दा पनि राजतन्त्र आएपश्चात् के कस्ता एजेन्डा, योजना, कार्यक्रम र रणनीतिहरू राष्ट्रले तैनाथ गर्ने हो ? यसमा पनि स्पष्ट हुनु जरुरी छ। यदि निरपेक्ष राजाको कल्पना गरिएको हो भने यो अझैं अत्यावश्यक हुन आउँछ। संवैधानिक राजा भएर बस्दाको अवस्थामा शासन सत्ता अहिलेकै राष्ट्रिय दलका शीर्षस्थहरूले सम्हाल्ने प्रायः निश्चित छ।

संवैधानिक राजतन्त्रले यो अवस्थामा खासै सुधार गर्न सक्ने अवस्था रहँदैन। सेनाको परमाधिपति हुने भएकाले विगतकै जस्तो सरकारलाई बाधा अवरोध सिर्जना गर्ने काम राजाबाट हुन सक्छ। नेपाली जनताले खोजेको र सोचेको राजा यसप्रकारको बिलकुल होइन, हुनुहुँदैन। किनकि यस्तो संवैधानिक राजतन्त्रले अभयदान पाएका राजनीतिक दलका नेताहरूलाई उपयुक्त आकारमा राख्न सक्ने अवस्था हुँदैन। यो २०४६ सालदेखि २०६३ सालसम्मको नेपालको जुन अवस्था हो त्यही अवस्थाबाट राष्ट्र गुज्रिने हो। यस्तो राजतन्त्र ल्याउँदा खासै परिवर्तन केही हुन सक्ने अवस्था रहँदैन। निरपेक्ष राजतन्त्रको पक्षमा त्यति ठूलो प्रतिगामी कदम नेपाली जनताले चालिहाल्ने अवस्था पनि देखिँदैन। तसर्थ पूर्वराजा ज्ञानेन्द्रले जनतासँग सहयोगको अपेक्षा गर्दा आफूलाई यी विषयहरूमा कहाँनिर उभ्याउन चाहने हुन् ? सोहीअनुरूपको एजेन्डा नेपाली जनतासमक्ष प्रस्तुत गर्नु अत्यावश्यक हुन्छ।

निरपेक्ष वा संवैधानिक राजतन्त्र जे जस्तोसुकै आउने अवस्थामा पनि देशमा यसप्रकारको परिवर्तन ल्याउन विदेशी चलखेल अत्यधिक हुने गरेको छ। २००७ सालदेखि २०१५, २०३६, २०४६ र २०६३ यी सबै कालखण्डमा लिएका राजनीतिक निर्णयहरूका पछाडि विदेशी राष्ट्रको संलग्नता देखिएको थियो। २०६२/६३ सालमा देश गणतन्त्रमा जानुका पछाडि पनि एक-दुईवटा अपरिपक्व कदम तत्कालीन राजाबाट चालिएका कारण छिमेकी राष्ट्रले नेपाललाई गणतन्त्रमा लैजानेतर्फ सहयोग गर्नु प्रमुख कारण रहेको छ। यो सर्वविदितै छ। अहिलेको अवस्थामा वर्तमान प्रधानमन्त्रीको मित्रराष्ट्र भारतको भ्रमणसम्म पनि हुन नसक्नु, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कुम्भ मेला भर्दै त्यहाँका राजनीतिक व्यक्तित्वहरूसँग छलफल गर्ने कार्यक्रम राख्ने प्रयास गर्दै जानुजस्ता कारणहरू मननयोग्य छन्।

यी कारणहरूले नेपालमा राजनीतिक परिवर्तनका लागि अनुकूल वातावरण तयार हुन्छ। यही परिवेशमा पूर्वराजा ज्ञानेन्द्रले पनि पटकपटक भारतको भ्रमण गरिसक्नुभएको छ। यो क्रमले निरन्तरता पाइराखेको छ। यस अर्थमा पनि नेपालमा राजतन्त्रको पुनर्बहालीका लागि वातावरण तयार हुने स्थिति बन्दै गएको विश्लेषण पनि हुँदै आएको छ। तर, राष्ट्रको माया र राष्ट्रियता नेपालका राजाहरूमा अत्यन्त ज्यादा देखिएको छ। राष्ट्रको अहित हुने गरी विदेशी राष्ट्रसँग समझदारी पूर्वराजा ज्ञानेन्द्रले गर्ने सम्भावना अत्यन्त न्यून छ। यसअघि पनि श्रीपेच नेपाली जनतालाई नासोको रूपमा सुम्पिने क्रममा पूर्वराजा ज्ञानेन्द्रले लोकतन्त्रले देशको विकास र अग्रगामी परिवर्तन सम्भव हुन्छ भने आफू बाधक नबन्ने निर्णय लिएका हुन्। नारायणहिटी दरबार परित्याग गर्ने क्रममा उनले दिएका अभिव्यक्तिले यही कुरा प्रमाणित गरेको छ।

त्यसैले बिनास्वार्थ विदेशी राष्ट्रहरूले नेपालको राजनीतिक परिवर्तनका लागि सघाउने सम्भावना कम छ। देशको जलस्रोतलगायतका प्राकृतिक स्रोतसाधनमा उनीहरूले आफ्नो हिस्सा र एकाधिकार खोज्न सक्छन्, परराष्ट्र नीति, रक्षानीतिमा पनि अधिकार लिने सम्भावना रहन्छ। यो स्तरको राष्ट्रघाती कदम पूर्वराजा ज्ञानेन्द्रले चाल्नुहुनेछ भन्ने विश्वास गर्न सकिन्न। तसर्थ, आफू राजा हुँदा कुन प्रकारको राजा हुन खोजिएको हो ? देशको परराष्ट्र नीति, आर्थिक नीति, वित्तीय नीतिलगायत सबै प्रकारका नीतिहरू र एजेन्डा पारदर्शी बनाएर मात्र पूर्वराजाले नेपाली जनतासँग सहयोगको अपेक्षा गर्नुपर्छ। यो कमीकमजोरी जनतालाई आह्वान गर्दा देखिएको छ। तसर्थ, लामो समयदेखि राजाका छात्रछायामा हालीमुहाली गरी आएका प्रायः सबै पूर्वपञ्च मात्रले राजतन्त्रको पक्षमा आफूलाई उभ्याएका छन्। यी महापञ्चहरू स्वार्थका लागि राजाको समर्थन गरेका हुन्। किनकि बहुदलीय शासन प्रणालीमा उनीहरूले चाहेको जस्तो शासन सत्तामा रमाउन पाएका छैनन्।

यस अर्थमा पनि पूर्वराजा ज्ञानेन्द्रले आफूलाई स्पष्ट पारेर जनतासमक्ष प्रस्तुत गर्नुपर्छ। स्वार्थलोलुप झुन्ड नै किन नहुन् एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्रलगायतसँग न्यूनतम पनि १५ लाख कार्यकर्ता छन् यो यस्तो समूह बनेको छ कि जेजस्तासुकै विकृति र विसंगतिहरूको पनि सहजै समर्थन गरी आएका छन् र गर्छन्। यो जनसंख्याले राजाको समर्थन गर्दैन। यीबाहेक अन्य साम्यवादी दलकाहरूले पनि नेपालमा गणतन्त्रको विपक्षमा उभिने साहस गर्दैनन्। करिब २० लाख कार्यकर्ताका समर्थकहरू मतदाताहरू पनि केही हुने नै भए। यो ठूलो जमात यही अवस्थामा राजतन्त्रको पक्षमा जाँदैन। दुर्गा प्रसाई र राप्रपाकै आधारमा मात्र नेपालमा राजतन्त्रको पुनर्बहली हुन सक्दैन। त्यसैले पूर्वराजा ज्ञानेन्द्रको जुन आकर्षण जनताका बीचमा देखिँदै गएको छ, यसले केही लहर र आधारहरू राजतन्त्रको पक्षमा आएकै हो। तर राजतन्त्रको पक्षमा लहर भने हालसम्म आएको छैन देखिँदैन।

सारांशमा भन्नुपर्दा अब देशमा राजतन्त्र फर्केला कि नफर्किएला यसमा अहिलेकै अवस्थामा स्पष्ट भन्न सकिने स्थिति छैन। तर, नेपालको वर्तमान संविधान अत्यन्त आलोचित भइराखेको छ। यस संविधानले ४७ सालको संविधानको तुलनामा धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रजस्ता महत्वपूर्ण प्रणालीहरूमा फड्को मारेको थियो। यो निर्णय लिँदाको अवस्थामा जनताको अभिमत लिइएन। राजनीतिक दलका शीर्षस्थहरूको निर्देशनमा नयाँ संविधान जारी भयो। ८९ प्रतिशत हिन्दू रहेको र विश्व मानचित्रमा एक मात्र हिन्दू राष्ट्र भएको देश नेपाल एकाएक धर्मनिरपेक्ष राष्ट्र बन्न पुग्यो।

राजा तत्कालीन समयका राजा ज्ञानेन्द्र हिन्दू सम्राट्का नामले सम्बोधित हुन्थे। विश्वमा उनीहरूको सम्मान विशिष्ट प्रकृतिको थियो। त्यो सम्मान र उचाइ राजनीतिक दलका नेताहरूले लिन सकेका थिएनन्। त्यसैकारणले समेत नेपाल धर्मनिरपेक्ष बन्न पुग्यो। यसैगरी देश गणतन्त्र बन्नुमा पनि संविधान सभाको निर्णय हो। संविधानसभा पूर्ण रूपमा दलका नेताहरूको नियन्त्रणमा थियो। उनीहरूकै इच्छामा देश गणतन्त्र बनेको हो। जनताले दिएका सुझावहरू संसद्को कुनै अँध्यारो कोठामा थन्किएर बसेको आलोचना पटक-पटक भइराखेको छ। त्यसैले देश गणतन्त्रमा परिणत हुँदा नेपाली जनताले गणतन्त्रमा जाने इच्छा गरेका थिए वा थिएनन् यसको मूल्यांकन नेपाली नागरिकहरूले गरिराखेका छन्। जनताको निर्णय लिएर मात्र देशलाई गणतन्त्र बनाउनुपर्थ्यो। संविधानसभामा रहेका दलबाट नियन्त्रित सदस्यहरूको निर्णयलाई नै नेपाली जनताको निर्णय मानियो। संविधान जारी भयो।

यसमा नेपालका राजनीतिक दलहरू जानीबुझी चुकेकै हुन्। त्यसैले गणतन्त्रजस्तो महत्वपूर्ण निर्णय लिँदा जनमतसंग्रहमार्फत् गरिनुपर्थ्यो। राजनीति गर्नेहरूले जनतासम्म जान कहिले पनि हिच्किचाउनु हुँदैन। यो नै सच्चा लोकतन्त्र हो। त्यसैले मुद्दा नेपाली जनताको एक तप्काले उठाएको छ। यसको उपयुक्त निर्णय र समाधानमा राष्ट्र पुग्नुपर्छ। तर, नेपालका सत्तासीन दलहरू यो निर्णय लिन सहज मान्नेछैनन्। त्यसैले नेपालमा लोकतन्त्रको विपक्षमा कुनै पनि नेपाली जनता देखिँदैनन्। जहाँसम्म गणतन्त्र र राजतन्त्रको मुद्दा छ यो तत्काल निर्णयमा पुग्ने देखिँदैन। पूर्वराजा ज्ञानेन्द्रको आह्वानलाई नेपाली जनताले कुन हदसम्म समर्थन गर्दै जाने हुन् ? यसैमा राजतन्त्र फर्किने वा नफर्किने निश्चित हुनेछ। तसर्थ, राजतन्त्रका पक्षपातीहरूले आफूलाई वैकल्पिक राजनीतिक शक्तिका रूपमा सशक्त रूपमा प्रस्तुत गर्दै अघि बढ्नु जरुरी छ। मूलतः नेपाली जनताको निर्णय र अन्तर्राष्ट्रिय जगत्ले वातावरण तयार पारिदिँदा मात्र नेपालमा राजतन्त्र पुनःस्थापित हुन सक्छ। अन्यथा यो सन्दर्भ सोचेजस्तो सहज छैन।

राजधानीबाट

# लगातार घट्यो नेप्से



काठमाडौँ। यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो तीन दिन भने लगातार दोहोरो अङ्कको गिरावट देखिएको छ।

बुधबार नेप्से परिसूचक २५ दशमलव १६ अङ्कले घटेर दुई हजार आठ सय २१ दशमलव १३ को विन्दुमा कायम भएको हो। तीन सय आठ कम्पनीको दुई करोड ३३ लाख ४३ हजार दुई सय एक कित्ता शेयर एक लाख एक हजार छ सय तीन पटक खरिदबिक्री हुँदा रु १० अर्ब ९७ करोड २६ लाख ५४ हजार चार सय ७३ बराबरको कारोबार भएको छ।

कारोबारमा व्यापार समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ एक दशमलव शून्य चार, विकास बैंक एक दशमलव ३१, वित्त एक दशमलव ५५, होटल तथा पर्यटन एक दशमलव शून्य पाँच, जलविद्युत् शून्य दशमलव ३७ र लगानी समूह एक दशमलव २४ प्रतिशतले घटेको छ।

त्यस्तै, जीवन बिमा एक दशमलव ४५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९४, लघुवित्त शून्य दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव १५, निर्जीवन बिमा एक दशमलव ५१ र अन्य समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ८४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ९६ करोड ७० लाख ९५ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी एनएमबी सुलभ इन्भेष्टमेन्ट फण्ड-२ को ११ लाख १३ हजार तीन सय ३५ कित्ता शेयर किनबेच भएको छ।

# हावाको प्रदूषणबाट आँखालाई जोगाउने १० उपाय

प्रदूषण एक गम्भीर समस्या हो, जसलाई हामी नजरअन्दाज गर्न सक्दैनौँ। पछिल्ला वर्षहरूमा प्रदूषण उल्लेखनीय रूपमा बढिरहेको छ।

हावाको प्रदूषणले मौसममा पनि असर गरेको छ भने हामी मुश्किलले ताजा हावा लिइरहेका छौँ। हावाको प्रदूषणले वातावरणलाई असर मात्र गर्दैन, यसले हाम्रो स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ, विशेष गरी आँखामा यसको असर चाँडो देखिन्छ।

हावाको प्रदूषणले आँखालाई सुक्खापन, जलन, र लामो समयसम्म असर गर्ने समस्याहरू जस्तै मोतिबिन्दु वा ग्लाकोमा हुनसक्छ।

प्रदूषित वातावरणमा आँखाको सुरक्षा गर्न यी १० उपाय अपनाउन सकिन्छः

**चस्मा लगाउनुहोस् –**

बाहिर जाँदा युभी सुरक्षायुक्त चस्मा लगाएर हिड्नुहोस्।

**आँखा नरगड्नुहोस् –**

यदि आँखामा जलन वा चिलाइरहेको महशुस भए पनि त्यसलाई घोट्ने प्रयास नगर्नुहोस्। यसले संक्रमण फैलाउन सक्छ। यदि असहजता लगातार रहन्छ भने नेत्र विशेषज्ञ सँग परामर्श लिनुहोस्।

**आँखाको सरसफाइ कायम राख्नुहोस् -**

आँखालाई सफा राख्न सफा कपडा, वाइप्स वा सफा पानीले नियमित रूपमा धुनुहोस्।

**आइ ड्रप प्रयोग गर्नुहोस् –**

ओभर-द-काउन्टर लुब्रिकेटिङ आइ ड्रप प्रयोग गरेर आँखालाई ओसिलो राख्न सकिन्छ, जसले प्रदूषणका कारण हुने सुख्खापन कम गर्छ।

घरभित्रको हावाको गुणस्तर सुधार गर्नुहोस् - घरमा एयर प्युरिफायर प्रयोग गर्नुहोस् र एलोभेरा जस्ता भित्री बोटबिरुवा राखेर हावाको गुणस्तर सुधार गर्नुहोस्।

**प्रदूषण उच्च हुँदा बाहिर ननिस्कनुहोस् -**

हावामा धुलो र हानिकारक कणहरू अत्यधिक भएका बेला बाहिरको गतिविधि सीमित गर्नुहोस्।

**ह्युमिडिफायर प्रयोग गर्नुहोस् -**

कोठाको हावा सुक्खा भएमा ह्युमिडिफायर प्रयोग गरेर उचित ओसिलोपना कायम राख्नुहोस्।

**पर्याप्त पानी पिउनुहोस्**

प्रशस्त पानी पिउँदा शरीर हाइड्रेट रहन्छ, जसले आँखा स्वस्थ राख्न मद्दत गर्छ।

**सन्तुलित आहार अपनाउनुहोस्**

भिटामिन ए, सी, र इ युक्त खाना खानुहोस्, जसले आँखाको स्वास्थ्यलाई सुदृढ बनाउँछ र प्रदूषणका असरहरू कम गर्छ।

**आँखा विशेषज्ञसँग परामर्श लिनुहोस् –**

यदि तपाईंलाई आँखामा निरन्तर असहजता वा दृष्टि सम्बन्धी समस्या देखिएमा तुरुन्तै नेत्र विशेषज्ञसँग सल्लाह लिनुहोस्।

स्वास्थ्य खबरबाट

# पर्यटन प्रवर्द्धनसँगै पोषण सुधारका लागि कुखुरा वितरण



गुल्मी । जिल्लाको रेसुंगा नगरपालिका-१३ अन्तर्गत भँगारीमा छ लाख ६० हजार मूल्य बराबरका स्थानीय जातका कुखुरा वितरण गरिएको छ । यहाँस्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले पोषण सुधारका लागि ग्रामीण कुखुरापालन कार्यक्रमअन्तर्गत भँगारीका कृषकलाई कुखुरा वितरण गरिएको हो ।

ग्रामीण क्षेत्रमा स्थानीयलाई रोजगारी सिर्जना गर्ने, पोषणमा सुधार ल्याउने र पर्यटन प्रवर्द्धनसँगै रेसुंगा होमस्टेमा आउने पाहुनालाई स्थानीय स्वाद चखाउने उद्देश्यले स्थानीय जातका कुखुरा वितरण गरिएको पशुसेवा विज्ञ केन्द्रका प्रमुख वरिष्ठ पशु विकास अधिकृत हुमकान्त पाण्डेले जानकारी दिए ।

रेसुङ्गा नगरपालिकाका उपप्रमुख अमृतादेवी कुँवरले यस कार्यक्रमबाट ग्रामीण क्षेत्रका महिलालाई जीविकोपार्जनकासँगै आयआर्जन बढाउन तथा पोषणमा सुधार ल्याउन महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा नगर उपप्रमुख कुँवरसँगै वडाध्यक्ष हुमबहादुर बस्नेत, वडासदस्य यज्ञमूर्ति थापा श्रीस, कमला धुरेललगायतले स्थानीयलाई निःशुल्क रूपमा कार्यालयको तर्फबाट वितरण गरिएका कुखुरा हस्तान्तरण गरेका थिए ।

भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रद्वारा प्रदेश सरकारको स्वामित्वमा रहेको कुखुरा विकास फार्म नेपालगञ्जबाट उक्त कुखुरा ल्याइएको हो । किसानलाई कुखुरासहित औषधि तथा आवश्यक भिटामिनका साथै दाना र पानी खुवाउने भाँडा उपलब्ध गराइएको थियो । रेसुङ्गा होमस्टेमा रहेका २५ जना किसानका लागि प्रतिघर ५०/५० का दरले एक हजार दुई सय ५० कुखुरा वितरण गरिएको हो ।

सदरमुकाम तम्घास नजिकै रहेको रेसुङ्गा होमस्टेमा आन्तरिक एवं बाह्य पर्यटकलाई भित्र्याई जिल्लामा पर्यटन प्रवर्द्धन गर्नका लागि उक्त कार्यक्रम थप प्रभावकारी हुने नगर उपप्रमुख कुँवरले बताइन् । होमस्टेमा पर्यटकले रैथाने खानाका परिकारसँगै जुनसुकै समयमा पनि स्थानीय जातका कुखुराको अर्गानिक स्वाद चाख्न पाउने भएका छन् ।

# विद्यालयमा बौद्ध शिक्षा अध्ययन अध्यापन जरूरी

लुम्बिनी । रुपन्देहीका सामुदायिक र संस्थागत विद्यालयमा बौद्ध शिक्षा विषय अध्ययन अध्यापन गराउन प्रधानाध्यापकहरु एकमत भएका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन संकायले बुधबार लुम्बिनीमा आयोजना गरेको विद्यालयमा "विद्यालयमा बुद्धशिक्षा" विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी विभिन्न विद्यालयका प्रधानाध्यापकहरुले विद्यालयमा बौद्ध शिक्षासम्बन्धी अध्ययन अध्यापन अत्यावश्यक रहेकोमा जोड दिए ।

कार्यक्रममा बौद्ध अध्ययन संकायले बुद्ध शिक्षासम्बन्धी तयार पारेको कक्षा ७ र ८ को पाठ्यक्रम सम्बन्धमा बोल्दै उनीहरुले स्थानीय पालिकाले स्थानीयमा समावेश वा छुट्टै पाठ्यक्रम बनाएर लागू गरे आफूहरु तयार रहेको बताए ।

बुद्ध शिक्षा कार्यक्रमअन्तर्गत बौद्ध अध्ययन संकायले तयार पारेको कक्षा ७ र ८ को पाठ्यकमका विषयहरु प्रस्तुत गर्दै बौद्ध अध्ययन संकायका डीन डा. माणिकरत्न शाक्यले स्थानीयतहमा रहेको शैक्षिक संस्थामा गौतमबुद्ध र उनले दिएको शिक्षा विद्यार्थीलाई सिकाउने ध्येयले पाठ्यक्रम तयार पारिएको बताए । विद्यालयतहदेखि नै विद्यार्थीहरुलाई नैतिकता र सदाचारको शिक्षा दिनकालागि बुद्ध शिक्षामा आधारित पाठ्यक्रम निर्माण भएको उनले जानकारी गराए ।

विश्वविद्यालयका सहायक प्राध्यापक कमल थापाले बुद्धको शिक्षा अपरिहार्य रहेकोमा जोड दिँदै सबै मिलेर यसलाई विद्यालयस्तरमा लागू गर्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा नेपाल शिक्षक महासंघका सचिव चण्डीप्रसाद पाण्डेले स्थानीय पालिकासँग समन्वय गरी विद्यालयमा बुद्ध शिक्षा कार्यक्रमलाई अभियानकै रुपमा लैजान विश्वविद्यालयलाई सुझाव दिएका थिए ।

कार्यक्रममा भानु माविका प्रधानाध्यापक मोतीलाल सुवेदी, बेलहिया माविका प्रधानाध्यापक विना भण्डारी, पक्लिहवा माविका प्रधानाध्यापक बसन्तकुमार बस्नेत, सेमरी सामुदायिक माविका तिर्थप्रसाद विश्वकर्मा, उपेन्द्र अधिकारी, उदयकुमार मल्लीक, खिमानन्द भुसाललगायतले विश्वविद्यालयको प्रयासको प्रशंसा गर्दै कक्षा १ देखि नै बुद्ध शिक्षासम्बन्धी पाठ्यक्रम लागू गर्नुपर्ने बताएका थिए ।

विद्यार्थीलाई भगवान गौतम बुद्धको जन्मस्थलबारे परिचयदिन, बुद्ध शिक्षाबारे जानकारी दिन र बौद्ध कला, साहित्य र संस्कृतिसम्बन्धी शिक्षा दिने उद्देश्यले बौद्ध अध्ययन संकायले कक्षा ७ र ८ को पाठ्यक्रम तयार गरेको हो । यस क्षेत्रका विद्यालयहरुमा ऐच्छिक वा अनिवार्यरुपमा बुद्धको शिक्षा विषय कसरी पाठ्यक्रममा समावेश गराउन सकिन्छ भन्ने सन्दर्भमा स्थानीय पालिका प्रमुख, शिक्षा शाखा र सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिने कार्यक्रम सञ्चालक बौद्ध अध्ययन संकायका कर्मचारी निरा गौतमले जानकारी दिइन ।

# सशस्त्रलाई हराउँदै अभिषेक चर्च सेमिफाइनल प्रवेश



सैनामैना । रूपन्देही जिल्लाको सैनामैना नगरपालिका मुर्गियामा सञ्चालन भइरहेको सुनगाभा सैनामैना गोल्डकप फुटबल प्रतियोगिताको तेस्रो दिनको खेलमा अभिषेक चर्च राजहर नवलपुर विजयी हुँदै सेमिफाइनल प्रवेश गरेको छ ।

खेल शुभारम्भ भएको २ मिनेटमा नै अभिषेक चर्चका जर्सी नम्बर ७ का सूचित बुढाथोकीले गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका थिए । प्रतिस्पर्धात्मक खेलमा खेलको ११औं मिनेटमा सशस्त्रका जर्सी नम्बर ७७ का भरत कपालीले गोल गर्दै टिमलाई बराबरीमा पुऱ्याएका थिए ।

एकपछि अर्को प्रहार गर्दै दुवै टिमले गोल पोस्टमा प्रहार गरेता पनि दुवै टिमका किप्परहरूले उत्कृष्ट रक्षा गर्दै गोल हुनबाट आफ्नो टिमलाई पछि पर्नबाट बचाएका थिए ।

अभिषेक चर्चको उत्कृष्ट प्रहारलाई सशस्त्र प्रहरीका गोलकिपर अतिप श्रेष्ठले पटकपटक बचाएका थिए ।

खेलको दोस्रो हाफको ४६औं मिनेटमा अभिषेक चर्चका शक्ति गुरुङले गोल थप्दै आफ्नो टिमलाई २ - १ को अग्रता दिलाएका थिए ।

निकै नै प्रतिस्र्धात्मक खेलमा नतिजाका लागि अन्तिम समयसम्म नै कुर्नुपर्ने देखिएको थियो र यद्यपि उत्कृष्ट प्रहारहरूलाई अभिषेक चर्चका गोलकिपर तोपबहादुर राणाले उत्कृष्ट रक्षा गर्दै आफ्नो टिमलाई जित दिलाएका थिए ।

खेलमा आफ्नो उत्कृष्ट प्रस्तुति दिएका अभिषेक चर्च नवलपुरका जर्सी नम्बर ७ का खेलाडी सुजित बुढाथोकी खेलको म्यान अफ द म्याच घोषित भएका थिए ।

बिहीबार महावीर क्लब काठमाडौं र हनामी बि.एफसी चितवनबिच दिउँसो ३ बजे खेल हुने टिम संयोजक श्री दर्लामीले जानकारी दिए ।

प्रतियोगितामा पहिलो स्थान हासिल गर्ने टिमले नगद ७ लाख रुपैयाँ ट्रफि, मेडल र प्रमाणपत्र र दोश्रो स्थान हासिल गर्ने टिमले नगद ४ लाख रुपैयाँ ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सेमीफाइनलमा पुगेर बाहिरीने दुई टिमले नगद ४०/४० हजार रुपैयाँ प्राप्त गर्नेछन् । त्यस्तै उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट मिडफिल्डर, राईजीङ्ग प्लेयर र उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार रुपैयाँ र ट्रफि पाउनेछन् ।

प्रतियोगितामा ए डिभिजन, नेपाल पुलिस र मोफसल क्लब गरी १० टोलीको सहभागिता रहेको छ ।

# देवदह प्रहरी चौकीको नवनिर्मित भवन उद्घाटन



देवदह । देवदह प्रहरी चौकीको नवनिर्मित भवनको उद्घाटन गरिएको छ ।

देवदह नगरपालिकाको १५ लाख र उपभोक्ताको २ लाख ४१ हजार ७८९ रुपैयाँ लागतमा नवनिर्मित प्रहरी चौकीको भवनको नगर प्रमुख धुव्रप्रसाद खरेल, उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग, इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

नवनिर्मित भवनको उद्घाटन गर्दै देवदह नगरपालिकाका नगरप्रमुख ध्रुवप्रसाद खरेलले देवदह क्षेत्रको खोलाबाट नदिजन्य पदार्थ चोरी निकासी हुने गरेको बताउँदै नदीजन्य पदार्थ चोरी निकासी रोक्न प्रहरी प्रशासन चनाखो भएर लाग्नु पर्नेमा जोड दिए । उनले प्रहरी र जनप्रतिनिधिकै मिलेमतोमा नदीजन्य पदार्थ चोरी निकासी हुने गरेको आरोप नागरिक तहबाट आउने गरेको बताउँदै सार्वजनिक सम्पत्तिको संरक्षण सवै लाग्नु पर्ने बताए । नगर प्रमुख खरेलले देवदहमा ईलाका प्रहरी कार्यालयको लागि जग्गा व्यवस्थापन लगायतका काम गरिसकेको उल्लेख गर्दै त्यसको लागि गृहमन्त्रालयमा पहल भैरहेको बताए ।

सोही अवसरमा बोल्दै उप-प्रमुख विद्यालक्ष्मी गुरुङले देवदह क्षेत्रमा रहेका तीन वटै प्रहरी चौकीले यस क्षेत्रको सुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताइन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले नागरिकमा प्रहरी नै सरकार हो भन्ने मान्यता रहेको उल्लेख गर्दै सार्वजनिक स्थानमा सरकारको उपस्थितिको रुपमा प्रहरी नै रहने हुनाले प्रहरीलाई आवश्यक कार्यालय, यातायात, आवासलगायातको व्यवस्थापन गर्न तिनै तहका सरकारको दायित्वको भएको बताए ।

इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख तथा प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले समुदायसँग सहकार्य गर्दै प्रहरीले सेवा प्रवाह गर्नुपर्ने जनाए । धेरै स्थानमा प्रहरीलाई उपयुक्त कार्यालय र आवासको अभाव रहेको उल्लेख गर्दै उनले प्रहरीको आन्तरिक व्यवस्थापन राम्रो भयो भने मात्र सेवा प्रवाहमा गुणस्तरीय हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा स्वागत गर्दै प्रहरी चौकी देवदहका इञ्चार्ज प्रहरी निरीक्षक एक्कबहादुर नेपालीले प्रहरीको तल्लो दर्जामा कार्यरत कर्मचारीको व्यवस्थापन गर्न आफूहरुको दायित्व भएकोले नगरपालिकासँग अनुरोध गरेर भवन निर्माण गरिएको जानकारी दिए ।

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।१०।१५ गते ओमसतिया देखि बुटवल आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नामः** जयराम चौधरी थारु
**ठेगानाः** ओमसतिया गा.पा–२, रुपन्देही
**बिमा लेख न. :** १५००३६८०६
**मोबाइल न.:** ९८५७०२३९७०

## कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धमा

यातायात व्यवस्था कार्यालय कावासोति संग सम्झौता भई ड्राइभिङ्ग ट्रायलको कार्य गर्दै आएको कावासोती मोटर ड्राइभिङ्ग सेन्टर प्रा.लि., दर्ता नं. ३२४४२४/८०/८१को नाम परिवर्तन गरी नवलपुर ट्रायाल सेन्टर प्रा लि हुने हुँदा प्रा.लि. का शेयर सदस्य, सेवाग्राहीलाई कुनै किसिमको असजता भएमा वा यस कम्पनीसंग कुनै किसिमको आर्थिक, भौतिक लगायतको दावी रहेमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दावी गर्नुहुन समेत अनुरोध छ ।

# Binayi Tribeni Rural Municipality
# Office of Rural Municipal Executive

**Nawalparasi (East of BardghatSusta), Dumkibas**

**Gandaki Province, Nepal**

## Invitation ForBids

Date of publication: 2081/10/28, (10th,Feb, 2025)
Second date of Publication: 2081/11/22(6th ,March 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites Hard Copy bids from eligible bidders for the following goods under under Seal Quatation procedures.

| S. N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 42/BTRM /SQ/Goods /2081-082 | Supply and providing Sanitary Pad,Individual Pad Sealed in PE Packing (minimum 8 pads per pack) and IP/BP/USP and ISO certified | 1639404.00 | 49185.00 | 1000.00 | 2081/12/08 (21th, March, 2025) Before 12:00 | 45 Days | 2081/12/03 (16th, March, 2025) Before 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi (East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# लुम्बिनीलाई विश्व शान्तिको थलो बनाउनुपर्छ : सिंह



लुम्बिनी । बुद्ध जन्मस्थल लुम्बिनीमा चौथो अन्तर्राष्ट्रिय त्रिपिटक वाचनको बुधबार उद्घाटन गरिएको छ। उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले एक समारोहका बिच त्रिपिटक (पाठ) को उद्घाटन गरेका हुन् ।

अखिल नेपाल भिक्षु महासंघको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा त्रिपिटक वाचन सुरु गरिएको हो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उप-प्रधान शहरी विकास मन्त्री प्रकाशमान सिंहले विश्वभर अस्थिरताको संकेत देखा परेको अवस्थामा बुद्धको शिक्षाले शान्ति कायम गर्न सक्ने बताए । उनले बुद्धको शिक्षाहरुलाई पुर्नताजगी गराई त्रिपिटक पाठले विश्वमै लुम्बिनीबाट शान्तिको सन्देश जाने बताए । बुद्धजन्मस्थल लुम्बीलाई विश्वशान्तिको सन्देश दिने थलोका रुपमा विकास गर्नुपर्नेमा उपप्रधानमन्त्री सिंहको जोड छ । उनले लुम्बिनी विकास कोषले पूर्वाधार विकाससँगै त्रिपिटक जस्ता अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमलाई बढाउनुपर्ने सुझाव दिए ।

कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) ले बुद्धका उपदेशहरुलाई विश्वभर फैलाउन त्रिपिटक पाठ समरोह फलदायी हुने बताए । उनले त्रिपिटक पाठ बुद्धका शिक्षाहरुको सन्देश फैलाउने माध्यम भएकाले यस्ता कार्यक्रमलाई अझ ठूलो संख्यामा गर्दै जानुपर्ने बताए । उपाध्यक्ष लामाले आगामि दिनमा सरकार र लुम्बिनी विकास कोषले समेत यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ गर्ने बताए । उपाध्यक्ष लामाले राजनीतिक परिवर्तनसँगै नयाँ संविधानमा धर्मनिरपेक्ष राज्य बनेको उल्लेख गर्दै सोही अनुसार बौद्धमार्गीहरुलाई राज्यले प्राथमिकता दिन उप-प्रधानमन्त्रीको ध्यानआर्कषण गराए ।

उनले थेराबाद, महायान र ब्रजयाना सबै एक जुट भएर बुद्धको उपदेशलाई संसारभर फैलाउन सकिने बताए । उनले बुद्ध दर्शनलाई विश्वले आत्मसाथ गरेको बताउँदै एक अर्ब बढि बुद्धिष्टहरुलाई लुम्बिनीमा आकर्षित गर्नुपर्ने बताए । उनले लुम्बिनी शान्ति र बुद्धदर्शनको उत्पती भएको स्थान भएकाले यहाँबाट शान्तिको सन्देश फैलाउन सकिने बताए ।

यस्तै उद्घाटन समरोहमा आठौं संघनायक नेपालका भिक्षु बोधिसेन महास्थविरले लुम्बिनी आउँदा आनन्द प्राप्त हुने बताउँदै मायादेवी मन्दिरको नामको सट्टा बुद्धभूमि राख्दा त्यसले विश्वभर सन्देश जाने बताए । उनले त्रिपिटक पाठ यहाँ गर्दा मायादेवी भन्दा त्यसले लुम्बिनीलाई ओझेलमा पारेको जनाए ।

यस्तै कार्यक्रममा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलामान घिसिङले लुम्बिनी क्षेत्र अध्यारो देखिएको बताउँदै मायादेवी परिसरसहितको क्षेत्रलाई 'स्प्रिच्यूल लाईटिङ' बनाउने प्रतिबद्धता जनाए । 'लुम्बिनी अध्यारो देखिन्छ, मायादेवी सहितको क्षेत्र जहाजबाट हेर्दा पनि धपक्क बलेको होस्, त्यस्तो बनाउन लुम्बिनी विकास कोषले योजना ल्याओस्, सहकार्य गर्न तयार छौं ।'- उनले भने ।

कार्यक्रमा त्रिपिटक उद्घाटन समरोहमा थाई राजगुरु, अखिल नेपाल भिक्षु महासंघका सभापति भिक्षु धम्मसोभन महास्थविर, महासचिव महासचिव भिक्षु धर्मगुप्त महास्थविर, सचिव निग्रोध महास्थविर, आइबिसिका महासचिव रिपोंछे जगछुप छोदेन, श्रीलंकाका राजदुत चमेरा रुवाङ्गी मुनासिंगे, थाइल्याण्डका राजदूत सुवापोङ सिरिसोर्न, म्यानमारका राजदूत म्यूम्यून्ट माउङ, भिक्षु वजिरा, उपासक वाङमो डिक्सिले बोल्दै लुम्बिनी विश्वभरका बौद्धमार्गी र शान्तिप्रयहरुको पवित्र स्थल भएकाले त्रिपिटक पाठले बुद्धको उपदेश फैलाउन महत्वपूर्ण भूमिका खेल्ने बताए ।

त्रिपिटक पाठ वाचन समारोहमा लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्य, बोर्ड सदस्य श्याम रोक्का, राजेश शाक्य विभिन्न देशबाट आएका भिक्षु, लामा, उपासक उपासिका, स्थानीय सरकारका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उक्त अवसरमा उपप्रधानमन्त्री सिंहले त्रिपिटक पाठ संग्रह पुस्तकको विमोचन गरेका थिए ।

गौतमबुद्धले ४५ वर्षसम्म निरन्तर प्रदान गरेको ज्ञान एवं धर्म देशनाको संग्रहित ग्रन्थका रुपमा त्रिपिटकलाई लिईन्छ । अपि धम्म शुत्र पिटक, शुत्त पिटक र सम्राट अशोकको पालामा दोस्रो शताब्दी ईशापूर्वमा लेखिएको विनय पिटक गरी ३ ग्रन्थलाई मिलाइ बनाइएको ग्रन्थलाई नै त्रिपिटक भनिन्छ । त्रिपिटक बौद्ध धर्मको मूल ग्रन्थ हो ।

हिनयान, महायानलगायत सबै सम्प्रदायका बौद्ध अनुयायीले अवलम्बन गर्ने यो ग्रन्थमा बुद्धको उपदेश संग्रहित छ । यो ग्रन्थ पाली भाषामा लेखिएको भएपनि धार्मिक प्रभावअनुसार विभिन्न भाषामा अनुवाद गरिएको छ । आगामि २५ गतेसम्म चल्ने त्रिपिटक पाठ समारोहमा वर्षाका कारण मायादेवी परिसरमा गरिने भनिएको त्रिपिटक वाचन बिहान साढे ७ बजेदेखि साँझ ५ बजेसम्म मायादेवी मन्दिर परिसरमा त्रिपिटक पाठ हुने प्रचारप्रसार संयोजक भिक्षु बिमलो स्थविरले जानकारी दिए ।

# सरकारले दिएको शून्य नम्बरले कुनै मान्यता राख्दैन : कुलमान

बुटवल । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी अधिकृत कुलमान घिसिङले कार्य सम्पादनमा सरकारले दिएको शून्य नम्बरले आफूलाई कुनै मान्यता नराख्ने बताएका छन् । 'मलाई शून्य दिए पनि सय दिए पनि मान्यता राख्दैन,' घिसिङले भने-'हामी सबै राष्ट्रिय जिम्मेवारी लिएर काम गरेका छौं । अन्तिम मिनेटसम्म पनि काम गर्नुपर्छ भन्ने मेरो मान्यता हो ।'

नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय लुम्बिनी प्रादेशिक कार्यालय बुटवलले बुधबार आयोजना गरेको स्थानीय तहहरुलाई सम्मान कार्यक्रममा बोल्दै घिसिङले विद्युत् प्राधिकरण पनि सरकारी अंग नै भएको उल्लेख गरे ।

सरकारले हालै मात्र सार्वजनिक गरेको कार्यमूल्याङ्कमा उनलाई दिइएको शून्य नम्बरको बारेमा उल्लेख गर्दै उनले आफू पदमा रहँदाको अन्तिम मिनेटसम्म पनि काम गर्ने दाबी गरे । सरकारलाई पटक-पटक स्पष्टिकरण समेत दिनु परेको उल्ल्ख गर्दै उनले जति स्पष्टिकरण दिनुपरे पनि काम गर्ने कुरामा आफूलाई फरक नपर्ने उल्लेख गरे ।

प्राधिकरणमा आफू आउनुअघि मुलुक लोडसेडिङको अवस्थामा रहनुका साथै विद्युत् वितरण समेत सबै ठाउँमा नपुगेको अवस्थाबाट हाल ९९ प्रतिशत घरमा विद्युत् सेवा बिस्तार गर्न सफल भएको र लोडसेडिङ अन्त्य गर्न सफल भएको घिसिङले बताए । प्राधिकरणले अब स्मार्ट मिटरको कार्यक्रमलाई अघि बढाउने योजना अघि सारेको उल्लेख गरे । 'शहरी क्षेत्रमा सुधार, ग्रामीण क्षेत्रमा बिस्तार' भन्ने नाराकासाथ काम गरिरहेको बताउँदै घिसिङले कुनै पनि घरमा बत्तीविहीन नबनाइने उल्लेख गरे ।

यसैगरी कृषि तथा पशुपालनका लागि अनुदान तथा छुटमा विद्युत् उपलब्ध गराउने विषयमा योजना बनाउनु पर्ने बताए । घर-घरमा विद्युत् पुगिसकेको बताउँदै उनले अब कृषि र पशुपालनतर्फ खेतबारीमा समेत विद्युत पुऱ्याउनु पर्ने उल्लेख गरे । विद्युतीय सेवाको सुधारलाई विशेष प्राथमिकतामा राखिएको बताउँदै उनले आगामी २०५० सम्म कति लोड बढ्छ सो बारे अध्ययन गरी योजना निर्माण गर्नेतर्फ प्राधिकरण लागिरहेको बताए ।

विद्युत्को प्रयोगलाई वृद्धि गर्नका लागि प्राधिकरणले विद्युतीय चार्जिङ स्टेशन स्थापनाका लागि ६० प्रतिशत अनुदान तथा ट्रान्सफर्मरको व्यवस्था गररहेको उल्लेख गर्दै हालसम्म १ हजार स्थानमा विद्युतीय गाडी चार्जिङ स्टेशन सञ्चालनमा आएको र देशभर अझैं ८ हजार स्थानमा स्थापन गर्ने लक्ष्य रहेको उल्लेख गरे । मुलुकमा विद्युतीय गाडी निर्यात तथा इन्डेक्सन चुलाको प्रयोग बढ्दै गएको बताउँदै उनले गुणस्तरीय विद्युत् सेवालाई ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा सडक महशुल बुझाउने १७ वटा स्थानीय सरकारलाई सम्मान गरिएको थियो । समयमा सडक बत्तीको महशुल बुझाउने पालिकाहरुमा रुपन्देहीको तिलोत्तमा नगरपालिका, सिद्धार्थनगर नगरपालिका, सियारी गाउँपालिका विभिन्न जिल्लाका पालिकाहरुलाई सम्मान गरिएको थियो ।

सो अवसरमा बोल्दै तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँण, सिद्धार्थनगर नगरपालिका प्रमुख मोहम्मद इस्तियाक खाँ, शुद्धोधन गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्याललगायतले बोल्दै प्राधिकरणले कृषि, मत्स्य तथा पशुपालनका क्षेत्रमा विद्युत् महशुल छुट गरिनु पर्ने माग गरेका थिए ।

# सहकारीमा हिनामिना भएको डेढ अर्ब बचत फिर्ता

बुटवल । भूमि व्यवस्था तथा सहकारी मन्त्री बलराम अधिकारीले अहिलेको सरकार गठन भएदेखि फागुन २० गतेसम्म ८ हजार १५५ जना सहकारी बचतकर्ताको हिनामिना भएको रकम फिर्ता गराइएको जानकारी दिएका छन् ।

प्रतिनिधिसभामा सहकारीसम्बन्धी अध्यादेशमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा मन्त्री अधिकारीले ती बचतकर्ताको १ अर्ब ६७ करोड ७० लाख रुपैयाँ बचत रकम फिर्ता गराइएको बताए ।

सरकारले सहकारी पीडितलाई केही गरेन भन्ने विपक्षीहरुको आरोपको खण्डन गर्दै मन्त्री अधिकारीले साउनदेखि फागुनसम्मको सो तथ्याङ्क पेश गरेका हुन् । त्यस्तै ४ महिनाको बिचमा सहकारीका बचतकर्ता र सञ्चालकहरुबीच सहमति गराएर १ अर्ब १० करोड रुपैयाँको हिसाब मिलान गरिएको जानकारी दिए ।

उनका अनुसार एक हजारजना सहकारीका ऋणी सदस्यबाट ३१ करोड रुपैयाँ असूल उपर गरिएको र ७ हजार ऋणी सदस्यको खाता रोक्का गरिएको छ ।

उनले ऋण असूली नियमित गराइएको र प्राधिकरणमार्फत् काम भइरहेको बताए ।

सहकारीबाट ऋण लिँदा पनि धितो अनिवार्य गरिएको मन्त्री अधिकारीले बताए । आफ्नै पालामा गर्न खोजिएको काम अहिलेको सरकारले गर्दा पनि विपक्षमा रहेका दलका सांसदहरुले आलोचना गरेको बताए ।

# बुटवलमा जारी राष्ट्रिय स्नूकरको फाइनल आज



बुटवल । रुपन्देहीको बुटवलमा जारी सर्वाधिक पुरस्कार राशीको अल नेपाल ओपन स्नुकर प्रतियोगिताको फाइनल खेल आज बिहीबार हुँदैछ । बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा बिहान ११ बजेदेखि फाइनल खेल सुरु हुनेछ । सेमीफाइनलका खेल यो समाचार तयार पार्दासम्म जारी रहेका छन् । नेपाल विलियर्डस स्नुकर तथा पुल संघ रुपन्देहीको आयाजनामा फागुन १२ गतेदेखि जारी प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीपमा देशभरबाट १२८ जना खेलाडीले भाग लिएका थिए ।

प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन् । यो पुरस्कार राशी स्नूकर प्रतियोगितामा नेपालकै सबैभन्दा बढी हो ।

यस्तै उपविजेताले १ लाख १ हजार रुपैयाँ, हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ, सेमीफाइनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०-३० हजार रुपैयाँ, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने नेपाल विलियर्डस स्नुकर तथा पुल संघ रुपन्देहीका अध्यक्ष सुजन पुनले बताए ।

स्नुकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाबाट मुख्य आर्थिक सहयोग भएको छ ।

त्यस्तै बुटवल उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा सिंह कम्प्लेक्सका सञ्चालक महेशमान सिंहबाट ३ लाख ३ हजार र आवास ग्रुपका महेश थैवबाट १ लाख रुपैयाँ आर्थिक सहयोग भएको संघका सचिव प्रकाश क्षेत्रीले बताए ।

फाइनल खेल सकिएपछि दिउँसो ३ बजेदेखि समापन तथा पुरस्कार वितरण समरोह गरिने आयोजकले जनाएका छन् ।

# नेपाल उद्योग व्यापार महासंघ रूपन्देही अध्यक्षमा गैरे




बुटवल । नेपाल उद्योग व्यापार महासंघ रुपन्देही गठन भएको छ । उद्योगी व्यवसायीको बुधबार बुटवलमा भएको भेलाले बुटवलका व्यवसायी गोबिन्दराज गैरेको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो ।

महासंघको उद्योग उपाध्यक्षमा लोकनाथ पन्थी, वाणिज्य उपाध्यक्षमा दिपेन्द्र सुवेदी, महासचिवमा प्रकाश अधिकारी, कोषाध्यक्षमा कृष्णप्रसाद मरासिनी, सचिव नेत्र रुचाल, सह-कोषाध्यक्ष तुल्सीराम भण्डारी चयन भएका छन् । यस्तै कार्यसमिति सदस्यहरुमा अमृतबहादुर फुल्लेल, रुक्मागत खनाल, प्रताप परियार, दोमन बराल, सपना ठकुरीलगायत रहेका छन् ।

भेलाको उद्घाटनमा नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय अध्यक्ष खिमलाल भण्डारीले उद्योगी व्यवसायी थुप्रै समस्यासँग जुधिरहनु परेको बताउँदै एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए । महासंघका महासचिव खिम नारायण पराजुली मझौला तथा साना व्यवसायीको हक हितमा काम गर्ने संस्थाको अभाव खड्केर संस्था स्थापना भएको बताए ।

महासंघले मझौला र साना व्यवसायीका पक्षमा कर, भन्सार मूल्याङ्कनलगायतका विषयमा नीतिगत पैरवी गरेकाले महासंघको लोकप्रियता बढ्दै गएको उनले बताए । उनले भन्सार मूल्यांकनमा चरम बेथिति रहेकाले यसको अन्त्य, कृषिजन्य विषादीमा भ्याट खारेज हुनुपर्ने, कच्चा पदार्थमा भन्दा तयारी वस्तु आयातमा भन्सार दर बढी हुनुपर्ने माग गरे । यस्तै ५०० र १००० दरका नोटमा प्रतिबन्ध लगाउनुपर्ने, ट्रंक लाइन र डेडिकेटेड लाइनको २२ अरब बक्यौता विद्युत् महसुल उठाउनुपर्ने बताए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य राम परियार, रुपन्देही संयोजक निर्मल जिसीलगायतले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र, औद्योगिकरण र व्यापार विविधिकरणका लागि नेपाल उद्योग व्यापार महासंघ र यसअन्तर्गतका संस्थाहरुले अग्रणी भूमिका खलेको भन्दै सराहना गरे । नेपाल उद्योग व्यापार महासंघ रुपन्देहीका नवनिर्वाचित अध्यक्ष गोबिन्दराज गैरेले महासंघका शाखाहरु जिल्लाका सबै पालिकामा विस्तार गर्ने गरी काम गर्ने बताए ।

# 'श्रीनगर सांस्कृतिक डबली' सञ्चालनमा

पाल्पा । लुम्बिनी प्रदेश सरकारको लगानीमा तानसेन नगरपालिका-५ स्थित कैलाशनगरमा 'श्रीनगर सांस्कृतिक डबली' सञ्चालनमा आएको छ । प्रदेश सरकारले तानसेन नगरपालिकालाई हस्तान्तरण गरेको १५ महिनापछि बुधबारदेखि डबली सञ्चालनमा आएको हो ।

उक्त डबली 'ओपन थिएटर' को अवधारणमा बनेको छ । जिल्लाका विभिन्न जातजाति, समुदायका कला र संस्कृति प्रदर्शन गर्नुको साथै पर्यटकीय क्षेत्रको विकास गर्ने उद्देश्यले प्रदेश सरकारको रु छ करोड ८२ लाख ५६ हजार ९१ रुपैयाँ लगानीमा डबली निर्माण गरिएको हो ।

बुधबार एक औपचारिक कार्यक्रमकाबिच नगर प्रमुख सन्तोषलाल श्रेष्ठले डबलीको शुभारम्भ गरे । ढिलै भए पनि डबली सञ्चालनमा आएकोमा खुसी लागेको कैलाशनगरका स्थानीयवासी रमेश अधिकारीले बताए । उनले भने-"आफ्नै टोलमा सांस्कृतिक डबली निर्माण हुँदा टोलको मात्र नभइ सिंगो तानसेन नै रमणीय र सुन्दर देखिएको छ ।" स्थानीय सुमन भट्टराईले पनि डबली सञ्चालनले पर्यटकको आगमनसमेत बढ्ने विश्वास व्यक्त गरे ।

डबलीमा स्टेज, हरियो दुबोसहितको दर्शक कक्ष, कलाकारको चेन्जिङ रूम, कोलसेट, शौचालय, गार्ड हाउस, टिकट काउन्टर, अफिस कोठा र पार्किङसहितको सुविधा रहेको छ । डबलीको क्षमता पाँच सय जना रहेको छ ।

प्रदेश सरकारले दिएको जिम्मेवारीलाई स्थानीय सरकारले प्राथमिकताका साथ अगाडि बढाएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । डबलीको उचित प्रयोग गरी यहाँका कला संस्कृति र पर्यटनको विकास गरिने उनको भनाइ छ ।

उनले भने-"तानसेन आफैंमा पर्यटकीयस्थल रहेकाले त्यसको विकास र विस्तारका लागि डबली महत्वपूर्ण हुने छ ।"

शुभारम्भको अवसरमा सोरठी, झ्याउरे, नेवारी नाँच, थिमे बाजा, जिवाइमाइवा जस्ता नाच प्रदर्शन गरिनुको साथै, मगरी, नेवारी खाजाका परिकारसमेत राखिएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com